## ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड : ०६ संख्या : ०३ प्रकाशित मिति : २०७९/११/०३


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

## लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७९

**प्रस्तावना:**

ताँजाकोट गाउँपालिका भित्रका लैंगिक हिंसामा परेका आपतकालिन एवं जोखिम अवस्थामा रहेका महिलाहरुको तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुनर्स्थापना गर्न तथा महिलाहरुको हकहितको संरक्षण र सम्वर्द्धन गर्नका लागि गाउँपालिका स्तरमा आर्थिक स्रोत संकलन गरी परिचालन गर्न ताँजाकोट गाउँपालिका गाउँ कार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ उपदफा (१) बमोजिमयो कार्यविधि २०७९ तयार गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि” २०७९ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु गरिनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “गाउँपालिका” भन्नाले ताँजाकोट गाउँपालिका सम्झनुपर्छ।

(ख) “अध्यक्ष” भन्नाले ताँजाकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ग) “उपाध्यक्ष” भन्नाले ताँजाकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले ताँजाकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ङ) “कार्यपालिका” भन्नाले ताँजाकोट गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(च) “कार्यालय” भन्नाले गाउँपालिकाको महिला बालबालिका शाखाको कार्यालय सम्झनुपर्छ।

(छ) “कोष” भन्नाले लैंगिक हिंसा निवारण कोष सम्झनुपर्छ।

(झ) “पीडित” भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ।

(ञ) “सञ्चालक समिति” भन्नाले यस कार्यविधि अनुसार गठित समितिलाई सम्झनुपर्छ।

(ट) “राहत समिति” भन्नाले यस कार्यविधि अनुसार गठित समितिलाई सम्झनुपर्छ।

(ठ) “लैंगिक हिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनुपर्छ।

३. **कोषको स्थापना :**

(१) लैंगिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) प्रदेश सरकारबाट प्राप्त रकम,

(ङ) ताँजाकोट गाउँपालिकाको गाउँसभाबाट पारित रकम,

(३) उपदफा (१) बमोजिमको रकम ताँजाकोट गाउँपालिकाको खाता भएको बैंकमा छुट्टै खात खोली जम्मा गरिने छ।

(४) कोषको खाताको सञ्चालन प्रमुख प्रशाशकिय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ।

४. **कोषमा रकम जम्मा गर्ने** : महिलाको हकहितको क्षेत्रमा नेपालभित्र कार्यरत अन्तराष्ट्रिय गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको ताँजाकोट गाउँपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मागर्नु पर्नेछ।

५. **कोषको उपयोग** :

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिने छ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न ,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविर्मश प्रदान गर्न,

(ङ) कुनै व्यवसायगर्नको लागि बीउपुँजी (सिड मनी) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउँन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** :

(१) कोषको रकमा दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समिति र राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम खर्च गर्न सक्नेछ।

७. **सञ्चालक समितिको गठन** :

(१) कोषको सञ्चालन तथा व्यवस्थाप नगर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ ः-

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) दलित तथा महिला पर्ने गरी कार्यपालिका सदस्य ३ जना - सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(च) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना - सदस्य

(छ) महिला तथा बालबालिका शाखा प्रमुख - सचिव

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ।

८. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** : सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः-

(क) लैंगिक हिंसा निवारणको सम्बन्धमा संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन गराउँने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कार्यालयको नाममा रकम निकासाको लागि निर्णय गर्ने,

(ग) राहत समितिको कामकारवाहीको अनुगम नगर्ने वा गराउने ,

(घ) गाउँपालिकाभित्र घटेका लैंगिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमुलक तालिम प्राप्त पीडितलाई बीउपुँजी (सिड मनि) प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागु गर्ने,

(च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासंग समन्वय गर्ने,

(छ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने,

(ज) लैंगिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

९. **सञ्चालक समितिको बैठक र निर्णय** :

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) सञ्चालक समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको पदाधिकारी पर्यवेक्षकको रुपमा भागलिन पाउँने छन् ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सचिवले प्रमाणित गरि राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **संशोधन** :

(१) यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा समितिको सिफासिमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

१२. **काम भएको मानिने** : यस कार्यविधि पारित हुनुभन्दा लगाबै गाउँपालिकाबाट भए गरेका कार्य यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

**१३. बाधा अड्काउ फुकाउने** :

(१) यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकय अधिकृत